आज मिति २०८१ साल भदौ महिनाको १४ गतेका दिन विहान ८.०० वजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री टिकाराम पाण्डे

उपाध्यक्ष- श्री निरमाया तरामु

सदस्य- श्री अर्जुन कनौजे

सदस्य- श्री खड्गविर थापा

सदस्य- श्री जित वहादुर तरामु

सदस्य- श्री पिताम्वर ज्ञवाली

सदस्य- श्री वावुराम ज्ञवाली

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकवहादुर बुढाथोकी

सदस्य- श्री होम वहादुर राना

सदस्य- श्री पतिराम वि.क.

सदस्य- श्री झना परियार

सदस्य- श्री माया कुमारी वि.क.

सदस्य- श्री सृजना कुमाल

सदस्य- श्री कमला पचभैया काउचा

सदस्य- श्री टोपली राना

सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रितः

श्री नेत्र प्रसाद पाण्डे (प्रशासन शाखा)

श्री आशिष भट्ट(ईञ्जिनियर)

श्री कविता ज्ञवाली

श्री विष्णु प्रसाद ज्ञवाली

**बैठक संख्याः २ मिति २०८१/०५/१३ गतेका प्रस्तावहरु**

प्रस्ताव नं.१- अघिल्लो बैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२- गुलुम्दी-चेहेमी-थुम्का मोटरवाटो निर्माण तथा स्तरोन्नतिको लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा।

प्रस्ताव नं.३- साहघाट-लिम्घा-वुढीसत्यवती मोटरवाटो स्तरोन्नतिको लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा।

प्रस्ताव नं.४- चोरकाटे-चिदीपानी मोटरवाटो निर्माण तथा स्तरोन्नतिको लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा।

प्रस्ताव नं.५- भण्डारीपोखरा-रामवारी-चेहेमी-थुम्का-धुसेनी मोटरवाटो निर्माणको लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा।

प्रस्ताव नं.६- खल्लुकारुख-ढाव-चिदीपानी-रुपाकोट मोटरवाटो निर्माण तथा स्तरोन्नतिको लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा।

प्रस्ताव नं.७- नव्वेचिदी सिंचाई कुलो र वुलवुले सिंचाई कुलो निर्माणको लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा।

प्रस्ताव नं.८- दरवन्दी रिक्त नरहेको सम्वन्धमा।

प्रस्ताव नं.९- अमिन (सहायक चौथो ) तहको विज्ञापन गर्ने सम्वन्धमा।

प्रस्ताव न.१०-मनसुनजन्य विपद सम्बन्धमा।

प्रस्ताव न.११-भूकम्पीय विपद सम्बन्धमा।

बैठक संख्याः २ मिति २०८१/०५/१३ गतेका निर्णयहरु

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको बारेमा समीक्षा गरियो ।

निर्णय नं.२- प्रस्ताव नं.२ गुलुम्दी-चेहेमी-थुम्का मोटरबाटोको बोलपत्र आव्हानको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा छलफल गर्दा संघीय समपुरक अनुदान रु.३५,००,०००/ गाउँपालिकाबाट विनियोजन रु.३६,००,०००/ र अपुग रकम रु.२२,००,०००/थप गर्ने गरी जम्मा रकम रु.९३,००,०००/ (अक्षरुपी त्रीयानब्बे लाख) को सीमाभित्र रही गुलुम्दी-चेहेमी-थुम्का मोटरबाटो निर्माण तथा स्तरोन्नतिको लागि प्राविधिकबाट तयार भएको ल.ई. स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.३- प्रस्ताव नं.३ साहघाट-लिम्घा-बुढीसत्यवती मोटरबाटोको बोलपत्र आव्हानको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा छलफल गर्दा गाउँसभाबाट विनियोजित रु.४१,००,०००/ र अपुग रकम रु.४९,००,०००/ आ.व. ०८१/०८२ को हिउदे गाउँसभाबाट थप गर्ने गरी जम्मा रकम रु.९०,००,०००/(अक्षरुपी नब्बे लाख) को सीमाभित्र रही साहघाट-लिम्घा-बुढी सत्यवती मोटरबाटोको स्तरोन्नतिको लागि प्राविधिकबाट तयार भएको ल.ई. स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.४- प्रस्ताव नं.४ चोरकाटे-चिदीपानी मोटरबाटोको बोलपत्र आव्हानको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा छलफल गर्दा प्रदेश समपुरक अनुदान रकम रु.३५,००,०००/ गाउँपालिकाबाट विनियोजन रु.३६,००,०००/ र अपुग रकम रु.२८,००,०००/ थप गर्ने गरी जम्मा रकम रु.९९,००,०००/(अक्षरुपी उनान्सय लाख) को सीमाभित्र रही वडा नं. ७ अन्तर्गत पर्ने चोरकाटे-चिदीपानी मोटरबाटोको निर्माण तथा स्तरोन्नतिको लागि प्राविधिकबाट तयार भएको ल.ई. स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.५- प्रस्ताव नं. ५ भण्डारीपोखरा-रामबारी-चेहेमी-थुम्का-धुसेनी मोटरबाटोको बोलपत्र आव्हानको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा छलफल गर्दा प्रदेश शसर्त अनुदान रकम रु.४०,००,०००/ गाउँपालिकाबाट विनियोजन रु.२०,००,०००/ गरी जम्मा रकम रु.६०,००,०००/(अक्षरुपी साठी लाख) को सीमाभित्र रही वडा नं. १र२ अन्तर्गत पर्ने भण्डारीपोखरा-रामबारी-चेहेमी-थुम्का-धुसेनी मोटरबाटोको निर्माणको लागि प्राविधिकबाट तयार भएको ल.ई. स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.६- प्रस्ताव नं. ६ खल्लुकारुख-ढाव-चिदीपानी-रुपाकोट मोटरबाटोको बोलपत्र आव्हानको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान रकम रु.२०,००,०००/ गाउँपालिकाबाट विनियोजन रु.१०,००,०००/ गरी जम्मा रकम रु.३०,००,०००/(अक्षरुपी तीस लाख) को सीमाभित्र रही वडा नं. ६र७ अन्तर्गत पर्ने

खल्लुकारुख-ढाव-चिदीपानी-रुपाकोट मोटरवाटोको निर्माण तथा स्तरोन्नतिको लागि प्राविधिकवाट तयार भएको ल.ई. स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं.७- प्रस्ताव नं. ७ नव्वेचिदी सिंचाई कुलो र वुलवुले सिंचाई कुलो निर्माणको लागि वोलपत्र आव्हानको लागि रकम सुनिश्चित गर्ने सम्वन्धमा छलफल गर्दा गाउँसभावाट विनियोजित रकम रु. ७ लाख / ७ लाख गरी १४ लाख गाउँपालिकावाट विनियोजन रु.५,००,०००/ गरी जम्मा रकम रु.१९,००,०००/(अक्षरुपी तीस लाख) को सीमाभित्र रही वडा नं. ४ अन्तर्गत पर्ने नव्वेचिदी सिंचाई कुलो र वुलवुले सिंचाई कुलो निर्माणको लागि प्राविधिकवाट तयार भएको ल.ई. स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं.८- प्रस्ताव नं. ८ सत्यवती गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयका लागि रिक्त दरवन्दी पदपूर्तिको लागि ताँहा आयोगवाट माग भए वमोजिम मिति २०८०/०८/२१ र मिति २०८०/१०/०४ मा पदपूर्ति गर्ने प्रयोजनार्थ अनुसूची – १ वमोजिमको ढाँचामा माग आकृति फारम भरी नेपाल कृषि सेवा अन्तर्गत कृषि अधिकृत ७ औं तह-१ जना, सहायक ५ औं तह-२ जना र सहायक ४ औं तह-१ जना पठाएकोमा ताँहा आयोगवाट च.नं.१२३० मिति २०८०/१२/२९ को सिफारिस पत्रानुसार नेपाल कृषिसेवा सहायकस्तर चौंथो तह, नायव प्राविधिक सहायक पदमा रमेश शर्मा र कविता भण्डारी २ जनालाई मिति २०८०/१२/३० मा नियुक्ति पत्र दिईएको र च.नं. १६३ मिति २०८१/०४/२९ गतेको सिफारिस पत्रानुसार नेपाल कृषि सेवा सहायकस्तर ५औं तह प्राविधिक सहायक पदमा भरत वहादुर वि.क. सिफारिस भई आएकोमा मिति २०८१/०४/३० मा नियुक्ति पत्र दिईएकोमा पुनः नेपाल कृषि सेवा सहायकस्तर चौथो तह, नायव प्राविधिक सहायक पदमा मिति २०८०/१२/३० मा अर्को १ जना कर्मचारी यस कार्यालयको लागि विज्ञापन गरेको पाईएकोले सो पद यस कार्यालयमा रिक्त नरहेकोले अन्यत्र व्यवस्था गरिदिन प्रदेश लोकसेवा आयोग, लुम्विनी प्रदेश, मुकाम वुटवलमा पठाउने निर्णय गरियो।

निर्णय नं.९-प्रस्ताव नं.९- यस सत्यवती गाउँपालिकामा अमिन पदको स्वीकृत दरवन्दी नरहेको तर अमिनको काम भईरहने हुँदा कन्टिन्जेन्सीवाट तलव भत्ता उपलव्ध गराउने गरी १ जना अमिन पदको विज्ञापनको सूचना प्रकाशित गर्ने निर्णय गरियो।

निर्णय नं.१०-प्रस्ताव नं.१०- यस सत्यवती गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा मनसुनजन्य विपदवाट यस अघिका आ.व. मा घर क्षति भई पुनर्स्थापना सिफारिस गरिएका तपसिल वमोजिमका लाभग्राहीहरुलाई निजको परिवारको सदस्यको स्वामित्वमा रहेको जग्गामा घर निर्माण गर्न सहमत भएको हुँदा पुननिर्माण अन्तर्गत लाभग्राही कायम गरिदिन जिल्ला प्रशासन कार्यालय तम्घास, गुल्मीलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

| क्र.सं. | लाभग्राहीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रिता दर्जी | सत्यवती-१ | मनसुनजन्य विपद |
| २ | लक्ष्मी दमाई | सत्यवती-५ | मनसुनजन्य विपद |

| | | | |
|---|---|---|---|
| ३ | गंगा वहादुर दमाई | सत्यवती-५ | मनसुनजन्य विपद |
| ४ | राम वहादुर दमाई | सत्यवती-५ | मनसुनजन्य विपद |
| ५ | कमल दमाई | सत्यवती-५ | मनसुनजन्य विपद |
| ६ | धनमाया दमाई | सत्यवती-५ | मनसुनजन्य विपद |
| ७ | लक्ष्मण कार्की | सत्यवती-६ | मनसुनजन्य विपद |
| ८ | मनु कामी | सत्यवती-६ | मनसुनजन्य विपद |
| ९ | अमृत श्रेष्ठ | सत्यवती-६ | मनसुनजन्य विपद |
| १० | वावुराम ज्ञवाली | सत्यवती-४ | भूकम्पीय विपद |

निर्णय नं. ११-प्रस्ताव न.११ भूकम्पीय विपद सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ४,लिम्धा वस्ने शोभाखर ज्ञवालीको छोरा वावुराम ज्ञवालीको घर भूकम्पमा परी पूर्णरुपमा क्षति भएको हुँदा अस्थायी आवास लाभग्राही कायम गरिदिन जिल्ला प्रशासन कार्यालय, गुल्मीमा अनुरोध गर्ने निर्णय गरियो ।